JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन २२ गते शनिबार ❑ 6 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

# सरकार–नेकपाबीच सहमति

## नेपालमा अब हिंसात्मक द्वन्द्व छैन भन्ने सन्देश: प्रधानमन्त्री

## स्वर्णिम अवसरलाई सफल तुल्याऔँ: विप्लव

**रासस**
**काठमाडौं, २१ फागुन**

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल अब शान्तिपूर्ण नयाँ युगमा प्रवेश गरेको बताउनुभएको छ। नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टीबीच भएको तीनबुँदे सहमतिमा हस्ताक्षर गर्न शुक्रबार राष्ट्रिय सभागृहमा आयोजित समारोहमा उहाँले अब नेपालमा हिंसात्मक बाटो र आन्दोलनको कार्यदिशा समाप्त भएको धारणा राख्नुभयो।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपाल शान्तिपूर्ण देश हो, यहाँ अब हिंसात्मक द्वन्द्व छैन, शान्ति छ। आजको ठूलो सन्देश र उपलब्धि यही हो। संयुक्त राष्ट्रसङ्घले विश्वभरका मुलुकमा गरेको शान्ति स्थितिको मापनमा नेपालको सूचक अझ माथि उठ्ने छ।" सो समूहले शान्तिको माध्यमबाट मुलुकको स्वाधीनता र समृद्धिको यात्रामा अघि बढ्ने गरी भएको सहमतिको निर्णयबाट नेपाली जनताको मन जित्न सफल भएको बताउँदै उहाँले भन्नुभयो, "मुलुक र जनताको हितका लागि शान्तिपूर्ण राजनीतिका माध्यमबाट अघि बढ्ने विप्लव नेतृत्वको समूह मुलधारको राजनीतिमा प्रवेश गर्ने निर्णय 'फोर्स ल्यान्डिङ' या 'क्र्यास ल्यान्डिङ' नभई मुलुकलाई अघि बढाउने सम्भावना बोकेको 'सेफ ल्यान्डिङ' हो।

दुवै पक्षबीच भएको सहमतिको एउटै उद्देश्य 'समृद्ध नेपाल, सुखी नेपाली'को यात्रालाई अघि बढाउने र मुलुकलाई एकताबद्ध



बनाएर लैजाने रहेको बताउँदै प्रधानमन्त्री ओलीले शान्तिको उचाइको यात्रामा मुलुक एक पटक फेरि नयाँ उचाइका साथ अघि बढेको धारणा व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "नेपालले प्राप्त गरेको सफलता विश्व कम्युनिष्ट आन्दोलनका लागि आदर्श रहने छ, आजको सहमति शान्तिको यात्रालाई अघि बढाउने दिशाका लागि ठूलो सफलता हो।" विप्लव समूहको शान्तिपूर्ण अवतरण साहासिक कदम भएको जनाउँदै रकारको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो। प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपाली जनता र राष्ट्रले शान्ति खोजेको छ। राष्ट्रियता, स्वाधिनता र राष्ट्रिय एकताका लागि एकजुट भएर काम गर्नुपर्छ।" मुलुकलाई अग्रगमन, विकास र समृद्धिका दिशामा अघि बढाउने र भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा सफल रहेको बताउँदै उहाँले नेपाली राजनीतिको अभ्यासमा विप्लवलाई सफलता प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो। समारोहमा नेपाल

कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले आजको सहमतिले कम्युनिष्ट भनेका विद्रोही मात्र होइन शान्तिका दूत हुन भन्ने पुष्टि गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "शान्तिपूर्ण राजनीतिका माध्यमबाट विकास र समृद्धिको यात्रामा अघि बढ्ने सहमतिप्रति पूर्ण प्रतिबद्ध छौँ, सहमति पालना गर्छौं।" कसैलाई पनि पीडा दिएर होइन नेपाली श्रमको योगदानबाटै मुलुकलाई विकासको चरणमा रुपान्तरण गर्ने भन्दै महासचिव चन्दले जनतालाई आफू नो भविष्यबारे फैसला गर्न अधिकार दिनुपर्ने धारणा व्यक्त गर्नुभयो। जनता र राष्ट्रको हितका लागि जुटेको स्वर्णिम अवसरलाई सफल तुल्याउन उहाँले सबैसँग आग्रह गर्नुभयो। प्रधानमन्त्री ओली र महासचिव चन्दको उपस्थितमा सहमतिपत्र सरकारका तर्फबाट गृहमन्त्री रामबहादुर थापा र चन्द समूहको नेकपाका तर्फबाट खड्गबहादुर विश्वकर्माले आदानप्रदान गर्नुभएको थियो।

सरकार र चन्द समूहको नेकपाबीच देशको राजनीतिक समस्या वार्ता तथा संवादबाट समाधान गर्ने, नेपाल कम्युनिष्ट पार्टीले आफ्ना सबै राजनीतिक क्रियाकलाप शान्तिपूर्णरूपमा सञ्चालन गर्ने र सरकारले नेपाल कम्युनिष्ट पार्टीमाथि लगाएको प्रतिबन्ध हटाउने, कारागारामा रहेका पार्टीका नेता तथा कार्यकर्तालाई रिहाइ र सम्पूर्ण मुद्दा खारेज गर्ने तीनबुँदे सहमति भएको छ।

विसं २०७५, फागुन २८ गते भूमिगत राजनीतिकमा प्रवेश गरेको नेकपा चन्द समूह सरकारसँगको निरन्तर एक वर्षको वार्ता र छलफलपछि शान्तिपूर्ण राजनीतिमा अवतरण गरेको हो। देश र जनताको हितलाई ध्यानमा राखेर चन्द समूहसँग करिब एक वर्षदेखि औपचारिक र अनौपचारिक तथा विभिन्न माध्यमबाट वार्ता हुँदै आएकामा नेपाली कम्युनिष्ट आन्दोलनको महत्वपूर्ण घटना भएका दिनको अवसरमा सहमति जुटेको सरकारी वार्ता टोलीका सदस्य डा राजन भट्टराईले बताउनुभयो।

नेकपाको वार्ता टोलीका सदस्य दीपक चलाउनेले अग्रगमन, शान्ति र स्थायित्वका लागि आज भएको सहमति ठूलो उपलब्धि र इतिहासको रचना गर्ने नियमित आकस्मिकता र संयोग निर्माणमा महत्वपूर्ण रहेको बताउनुभयो।

कार्यक्रममा उपप्रधानमन्त्री ईश्वर पोखरेल र दुवै तर्फका वार्ता टोलीका सदस्यसहितका उपस्थिति थियो।

# मौद्रिक नितीले व्यवसायीलाई आसा जगाए पनि व्यवहारमा लागु गर्न कठिन भएको गुनासो

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

कोरोनाले गर्दा प्रभावित भएको उद्योग व्यवसायलाई मौद्रिक नितीले केही आसा जगाए पनि व्यवहारमा लागु गर्न अझै कठिनायी भएको व्यवसायीहरुले गुनासो गरेका छन्।

कोरोना भाइरसले गर्दा अर्थतन्त्र खस्केको अवस्थामा मौद्रिक नितीले उद्योगी व्यवसायीलाई केही राहत तथा सहुलियत कर्जा उपलब्ध गराउने आसा जगाए पनि हाल मौद्रिक नितीले ल्याएको राहत प्याकेज उद्योगी व्यवसायीहरुले अझै सहज ढंगले प्रयोग गर्न नसकेको शुक्रबार पोखरामा आयोजित एक समारोहमा पोखरा क्षेत्रका उद्योगी व्यवसायीहरुले गुनासो गरेका हुन्।

नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले शुक्रबार पोखरामा आयोजना गरेको पूर्व–बजेटकालीन अन्तरक्रिया कार्यक्रममा बोल्दै सहभागिहरुले कोरोनाबाट प्रभावित भएका व्यवसायको रक्षाको लागि सहुलियत प्याकेज कार्यक्रम आगामी बजेटमा समेत ल्याउन माग गरेका हुन्। सहभागिहरुले सरकारले कृषिमा प्रदान गरिने अनुदान प्रभावकारी नभएको दाबी गर्दै त्यसको उत्पादन र उचित मुल्याङ्कन गरेर मात्र प्रदान गर्नुपर्ने सुझाव दिएका हुन्।

पोखराको पृथ्वीनारायण क्याम्पस अर्थशास्त्र विभागका प्रमुख एवं अर्थशास्त्री लेखनाथ भट्टराईले अझै पनि नेपालको बजेट खर्च गर्ने सिस्टम पुरानै ढंगको भएको दाबी गरे। उनले भने " पूजिगत खर्च बढाउन सकिएको छैन, स्थानिय, प्रदेश र संघिय सरकारमा अझै दक्षजनशक्तिको अभाव छ, विकास प्रशासन सेवा क्षेत्र आवश्यक छ। " राष्ट्रिय योजनाले योजना बैंक बनाउनु पर्ने अर्थशास्त्री भट्टराईले जनाए।

कृषि, उद्योग र व्यवसायमा अनुसन्धान गर्नुपर्ने उनको भनाई थियो। अझै नेपालमा कर प्रणाली न्यायोचित हुन नसकेको दाबी गर्दै भट्टराईले उत्पादन क्षेत्रलाई प्रोत्साहन हुने गरी राहत प्याकेज ल्याउनु पर्ने उनको भनाई थियो। विभागका निर्देशक डा. रामशरण खरेलले जेठ १५ गते भित्र सरकारले बजेट ल्याउने भएकोले त्यसको पूर्व तयारी स्वरुप उक्त छलफल कार्यक्रम पोखरामा पनि गरिएको बताए। नेपालको आर्थिक स्थिती भूकम्पको भन्दा कोरोनाले गर्दा धेरै खस्कन गएको उनले दाबी गरे।

कोरोनाको प्रभाव पछि हाल विस्तारै पहिला कै अवस्थामा देशको अर्थतन्त्र फर्किने अवस्थामा रहेको उनले जनाए। दुई बर्ष अघि सहुलियत कर्ज लिनेहरुको सङ्ख्या करिब १७ हजारको सङ्ख्यामा भए पनि हाल त्यो सङ्ख्या बढेर ६० हजार पुगेको निर्देशक डा. खरेलले जनाए। हाल २ खर्बको सहुलियत कर्जा वितरण हुदै गरेको उनले जनाए। नेपाल उद्योग बाणिज्य महासंघका सदस्य बाबुराम गिरीले कृषिमा दिने सिलिङ ५ करोडबाट बढायर २० करोड पुराउनु पर्ने बताए। देशमा धेरै ठाँउमा औधोगिक क्षेत्र विस्तार गर्नुपर्ने, भू उपयोग निती आवश्यक, केही व्यवसाय संचालन भए पनि अपेक्षाकृत कारोवार नभएको उनले जनाए। पोखरा उद्योग बाणिज्य संघका उद्योग उपाध्यक्ष कोकर्ण कार्कीले कोरोनाबाट प्रभावित व्यवसायहरुको लागि सहुलियत कर्जामा पुनः विचार गर्न माग गरे। करको दर घटाउनु पर्ने, कृषिमा उत्पादनको आधारमा कृषि अनुदान दिनुपर्ने, स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्ने उनले सुझाव दिएका थिए। पोखरा पर्यटन परिषदका अध्यक्ष गोपी बहादुर भट्टराईले पोखरा क्षेत्रमा हाल करिब १५ प्रतिशत जसो आन्तरिक पर्यटकहरु रहेको जनाए। सन २०२२ सम्म विदेशी पर्यटकहरु नेपाल सहित पोखरा आउने कम सम्भावना भएकोले त्यस तर्फ सरकारले बिषेश छुट तथा प्याकेज कार्यक्रम समेत ल्याउनु पर्ने उनले सुझाव दिए। सरकार र बैंकका केही नजिककाले मात्र सहुलियत कर्जा दिने गरेको भट्टराईको गुनासो थियो। पर्यटन क्षेत्रलाई उद्योगको मान्यता दिनुपर्ने उनको माग छ।

टान पश्चिमाञ्चल क्षेत्रिय च्याप्टरका उपाध्यक्ष धर्मराज पन्थीले विदेशी मुद्रा भित्राउन स्वदेशमा विदेशी मुद्रा कारोवार गर्ने नियम ल्याउनु पर्ने बताए। नाह्रा क्षेत्रीय संघ गण्डकी प्रदेशका अध्यक्ष संजयकान्त सिग्देलले पोखरा क्षेत्रका करिब ७० प्रतिशत मात्र पर्यटन सेवा संचालन भएको दाबी गर्दै पर्यटनमा कर छुट गराउनु पर्ने माग गरे। अझै चर्को ब्याज असुली भएको बताएका

बाँकी अन्तिम पृष्ठमा ▶▶

# सरकार रचनात्मक कार्यमा लागेको छ : मन्त्री अर्याल

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २१ फागुन**

कृषि तथा पशुपक्षी विकासमन्त्री पद्माकुमारी अर्यालले वर्तमान सरकार रचनात्मक कार्यमा लागेको बताउनुभएको छ।

बिरुवा गाउँपालिकाले आयोजना गरेको चौथो अध्यक्ष कप (वडास्तरीय पुरुष तथा महिला भलिबल कप) एवं वडा नं ६ स्थित भुवनघाट पक्की पुलको बिहीबार उद्घाटन गर्दै मन्त्री अर्यालले सो कुरा बताउनुभएको हो।

नेपाली जनताको सङ्घर्षबाट स्थापना भएको वर्तमान सरकारले सबैसँग हातेमालो गरेर अगाडि बढ्ने उल्लेख गर्दै उहाँले सरकारले ऐतिहासिक काम गरेको बताउनुभयो। मन्त्री अर्यालले सरकारलेे खुड्डा नकमाइकन नक्सा जारी गरेपछि नै ओली सरकार हटाउने खेल शुरु भएको भन्दै सरकार हटाउने खेल पार्टीका कतिपय शीर्ष नेतृत्वले गरेका कारण अहिलेको स्थिति सिर्जना भएको बताउनुभयो। तीन दिनसम्म सञ्चालन हुने भलिबल प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार क्रमशः रु ६० हजार, ४० हजार, २० हजार र १० हजार र ट्रफी, मेडल र प्रमाणपत्र रहेको गाउँपालिकाले जनाएको छ।

# प्रदेशस्तरीय कोरोना खोप भण्डारगृह शिलान्यास

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

पोखरामा कोभिड–१९ विरुद्धको खोप भण्डारगृह निर्माण हुने भएको छ। पोखरा महानगरपालिका–१२रामघाटस्थित गण्डकी प्रदेश स्वास्थ्य तालीम केन्द्रको परिसरमा निर्माण हुने सो भण्डारगृहको शुक्रबार गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले शिलान्यास गर्नुभयो।

सङ्घीय आयोजना कार्यान्वयन एकाइ कास्कीको रु ७५ लाख तीन हजार ५७३ (भ्याट बाहेक) लागतमा खोप भण्डारगृह आगामी विसं २०७८ वैशाख १७ गतेभित्र निर्माण गरी सक्ने गरी यही फागुन १७ गते न्यू केपी कन्स्ट्रक्सन काठमाडौँसँग ठेक्का सम्झौता गरिएको प्रदेश स्वास्थ्य व्यवस्थापन केन्द्रका निर्देशक खिमबहादुर खड्काले जानकारी दिनुभयो।

रु एक करोड १२ लाख ३६ हजार ४३५ लागत अनुमान रहेकामा सो रकममा निर्माण कम्पनीसँग सम्झौता गरिएको बताइन्छ। निर्देशक खड्काका अनुसार भण्डारगृह निर्माण सम्पन्न भएपछि दुईदेखि आठ सेन्टीग्रेड तापक्रममा ४०




लाख जनसङ्ख्यालाई पुग्ने खोप व्यवस्थितरूपमा भण्डारण गर्न सकिनेछ। कोरोना महामारी अन्त्यपछि सो गृहलाई अन्य खोपको भण्डार गृहका रुपमा विकास गर्ने योजना रहेको जनाइएको छ। सो अवसरमा मुख्यमन्त्री गुरुङले कोरोना महामारीपछि स्वास्थ्य संरचना, उपकरण तथा जनशक्ति व्यवस्थापनमा राज्यले ठूलो लगानी गरेको बताउनुभयो। देशका ३९६ स्थानीय तहमा एकैपटक अस्पताल भवन शिलान्यास गरिनु स्वास्थ्य क्षेत्रमा राज्यले गरेको ऐतिहासिक कार्य रहेको चर्चा गर्नुभयो। गण्डकी प्रदेशका ११ जिल्ला अस्पताल र एउटा प्रदेश सङ्क्रामक तथा सरुवा रोग अस्पताललाई शुरुआतदेखि नै

सुदृढीकरणका लागि सरकारले काम गरेको जानकारी दिँदै मुख्यमन्त्री गुरुङले पूर्वाधार, जनशक्ति, स्वास्थ्य उपकरण, उपकरण सुविधासम्पन्न बनाइएको उल्लेख गर्नुभयो। प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले संसद् विघटन गरेर निर्वाचनका लागि गरेको सिफारिस सर्वोच्च अदालतले उल्टाइ दिएपछि संसद् भित्र सांसद खरिद बिक्री शुरु भएको र हरेक पार्टीभित्र विवाद सिर्जना भएर अस्थिरता शुरु भएको मुख्यमन्त्रीले बताउनुभयो।

उहाँले भन्नुभयो, "संसद् पुनःस्थापनाले काँग्रेस, जनता समाजवादी पार्टीलगायत हरेक पार्टीभित्र विवाद र गुटबन्दी देखिएको छ। चुनावमा जानुपर्दछ भन्ने सिफारिस सर्वोच्चले उल्टाइदिएर हामीलाई मन नपरे पनि न्यायपालिकाको निर्णयलाई शिरोधार्य गरेर कार्यान्वयन गर्न सरकार लागि परेको छ।"

नेपाल कम्युनिष्ट पार्टी नेकपा)का स्थायी कमिटी सदस्य गुरुङले भावनात्मकरुपमा फुटेको पार्टीलाई जुटाउन सकिन्छ की भनेर आफूहरूले विकल्प खोजी गरिरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "मुलुकको अस्थिरता अन्त्यका लागि ६४ प्रतिशत बहुमत प्राप्त नेकपाको सरकारलाई एकताबद्ध बनाएर स्थिरताको प्रत्याभूति दिन सबैले आवाज उठाउनुपर्दछ।"

गण्डकी प्रदेशका सामाजिक विकासमन्त्री नरदेवी पुनमगरले सङ्घीय सरकारले रु २६ करोड ५० लाख लागतमा ५० शय्याको अस्पताल बनाउनका लागि बजेट उपलब्ध गराएको बताउँदै प्रदेश सरकारले त्यसमा थप लगानी गरेर १०० शय्याको अस्पताल निर्माणको योजना अघि बढाएको जानकारी दिनुभयो। खोप भण्डारगृहसँगै प्रदेश प्रयोगशाला, औषधि भण्डारण गृहलगायत संरचना निर्माणका लागि बजेट सुनिश्चित गरिएकाले डिजाइन तयार भइरहेको उहाँको भनाइ छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# गण्डकी प्रदेश प्रमुखलाई प्रदेश नं. २ का प्रमुखद्वारा भ्रमणको निम्तो

पोखरापत्र संवाददाता
पोखरा, २१ फागुन

गण्डकी प्रदेश प्रमुख अमिक शेरचनलाई प्रदेश नं. २ का नवनियुक्त प्रदेश प्रमुख डा. राजेश झा अहिराजले आफ्नो प्रदेशको भ्रमणको निम्तो दिनुभएको छ।

प्रदेश प्रमुखमा नियुक्त भएपछि सात वटै प्रदेशको भ्रमणका शिलशिलामा पोखरा आउनुभएका प्रदेश प्रमुख डा. झाले शिष्टाचार भेट गर्दै गण्डकी प्रदेश प्रमुख शेरचनलाई भ्रमणको निम्तो दिनुभएको हो। शिष्टाचार भेटका क्रममा प्रदेश नं. २ का प्रमुख डा. झाले आफू प्रदेश प्रमुख शेरचनलाई जनकपुरमा स्वागत गर्न आतुर रहेको बताउनुभयो।

प्रदेश प्रमुख डा. झालाई पोखरामा स्वागत गर्दै गण्डकी प्रदेश प्रमुख शेरचनले निम्तोका



लागि धन्यवाद दिनुभयो।साथै, प्रदेश प्रमुख शेरचनले अनुकूल समय पारेर प्रदेश नं. २ को भ्रमणमा आउने जनाउँदै हालै मात्र प्रदेश प्रमुखमा नियुक्त हुनुभएका डा. झालाई सफल कार्यकालको शुभकामना समेत दिनुभयो।

शिष्टाचार भेटका क्रममा प्रदेश प्रमुखद्वय शेरचन र डा. झाबीच दुई प्रदेशबीचको सम्बन्ध र समसामयिक अवस्थाबारे जानकारी आदानप्रदान भएको थियो। त्यस्तै, प्रदेश प्रमुख डा. झाले गण्डकी प्रदेश प्रमुख शेरचनलाई मायाको चिनो स्वरुप जानकी मन्दिरको तस्वीर हस्तान्तरण गर्नुभएको थियो। सो अवसरमा प्रदेश प्रमुखको कार्यालय, प्रदेश नं. २ का सचिव ध्रुव गैंडाले आफ्नो कार्यालयले गरेका कामबारे जानकारी प्रस्तुत गर्नुभएको थियो भने प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेशका सचिव हरि बाँस्तोलाले गण्डकी प्रदेशको बारेमा जानकारी गराउनुभएको थियो।

## मौद्रिक ...

सिंग्देलले मौद्रिक नितीले ल्याएको राहत प्याकेज धेरैले प्रयोग गर्न नपाएको गुनासो गरे। नेपाल बैंकर्स एशोसियसन गण्डकी प्रदेशका अध्यक्ष दीपेन्द्र शर्माले घाटामा व्यवसाय गर्नेहरुको सङ्ख्या कोरोनाले गर्दा धेरै भएकोले बैंकहरुलाई समेत आर्थिक भार थेग्न कठिन हुने गरेको बताए। क्यूआरकोर्ड संचालनको लागि धेरै क्षेत्रमा निशुल्क वाइफाइ क्षेत्र बनाउनु पर्ने उनले सुझाव दिए। पोखरा क्षेत्रिय अन्तराष्ट्रिय विमानस्थलका इं कृष्ण पौडेलले निर्धारित समय भित्र सिवमानस्थलको निमार्ण काय सकिने दाबी गर्दै सन २०२२ को जनवरीमा हवाई उडान हुने जनाए।

कार्यक्ममा कृषि ज्ञान केन्द्र गण्डकी प्रदेशका बासु रेग्मी, रेवान पोखराका अध्यक्ष लक्ष्मण बराल, पर्यटन व्यवसायी कृष्ण प्रसाद आचार्य, कार्यक्ममा वन निर्देशनालयका केदार पौडेल लगायतले आफ्नो क्षेत्रबाट राय सुझाव समेत दिएका थिए।

# प्रथम विमल शेरचन स्मृति व्याडमिन्टन प्रतियोगिता हुने

विनय पौडेल
पोखरा, २१ फागुन

प्रथम विमल शेरचन स्मृति नेपाल थकाली पुरुष डबल्स् खुल्ला व्याडमिन्टन प्रतियोगिता यही फागुन २८ गते पोखरामा हुने भएको छ।

थकाली सेवा समिति पोखरा थासाङ युवा परिवारको थकाली युथ व्याडमिन्टन ग्रुपको आयोजनामा फागुन २८ गते शुक्रबार पोखरा स्पोर्टस र व्याडमिन्टन क्लव सिरमुर हल मुस्ताङ चोक, पोखरामा उक्त प्रतियोगिता हुने भएको ग्रुपका सचिव एवं प्रतियोगिता संयोजक श्याम शेरचन (सोल्टी) ले बताए।

प्रतियोगितामा पोखरा सहित काठमाण्डौं, वुटवल, वेनी, बुर्तीवाङ, मुस्ताङ लगायतबाट करिब २२ टिमको सहभागिता हुने भएको संयोजक सोल्टीले बताए। प्रतियोगिताका विजेता टोलीलाई ३० हजार उपविजेतालाई २० हजार र तेश्रो हुने दुवै टोलीलाई जनही १०/१० हजारको साटमा ट्रफी मेडल र प्रमाणपत्र वितरण गरिने भएको ग्रुपका अध्यक्ष असोक शेरचनले बताए।

पोखराको ड्यामसाइड स्थित होटल मनोलिसाका संचालक एवं सामाजिक व्यत्तित्व थकाली समुदायको हकहितमा लामो समय देखि लाग्दै आएका विमल शेरचनको स्मृतिमा उक्त प्रतियोगिता पहिलो पटक हुन लागेको अध्यक्ष शेरचनले जनाए।

विमलका छोरा विजय शेरचनले उक्त प्रतियोगिताको लागि ५१ हजार रुपैया आर्थिक सहयोग गरेको ग्रुपले जनाएको छ। प्रतियोगिताको निर्देशकमा रमेश भट्टचन रहेका छन्।


## सामुदायिक विकाश केन्द्रको सूचना।

यस सामुदायिक विकाश केन्द्रको मिति २०७७/११/०१ गते भएको आठौं विशेष साधारण सभामा विधानत गणपुरक संख्या नपुगेकी स्थगित भएकोले मिति २०७७/११/१८ गते बसेको कार्यसमितिको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा हुने साधारण सभामा उपस्थितिका लागि सबैलाई पत्राचार र विद्युतीय माध्यमबाट जानकारी गराई सकिएको र कुनै कारणबस पत्र प्राप्त नभएको भए यसैलाई आधार एवं जानकारी मानी उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछौं।

**मिति : २०७७/१२/०६ गते**
**समय : बिहान ११: ०० बजे**
**स्थान : होटेल टीका रिसोर्ट, लेकसाईड पोखरा**

**सामुदायिक विकाश केन्द्र, नेपाल पोखरा**


# भीरकोट नगरपालिका स्याङ्जा जिल्लाको पहिलो बालमैत्री नगर घोषणा हुँदै, बालबालिकाका अधिकार सुनिश्चित गर्ने प्रतिवद्धता

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २१ फागुन

यही फागुन २२ गते शनिबार भीरकोट नगरपालिकालाई गण्डकी प्रदेशको दोश्रो तथा स्याङजा जिल्लाको पहिलो बालमैत्री नगरपालिका घोषणा गरिने भएको छ।

बालमैत्री नगरपालिकाले बालअधिकार महासन्धीमा उल्लेखित बालअधिकारको सवाललाई आत्मसाथ गर्ने गर्दछ, जसलाई नेपालले सन् १९९० मा अनुमोदन गरिसकेको छ। बालमैत्री नगरपालिका निर्माणको यात्रामा भीरकोट नगरपालिकाले चुनौतीपूर्ण सूचक तथा मापदण्ड पूरा गर्दै बालबालिकाको अधिकारलाई स्थानीय नीति, नियम, कार्यक्रम र बजेटमा समावेश गरेको छ। जसका कारण बालबालिकाको आवाज र विचारलाई बालबालिका सम्बन्धी नीति, कार्यक्रम निर्माण तथा निर्णय प्रक्रियामा महत्वपूर्ण स्थान दिएको छ। बालमैत्री नगर घोषणा पूर्व आयाजित पत्रकार सम्मेलनमा बोल्दै भीरकोट नगरपालिकाका प्रमुख छायाराम खनालले हामीले नगरपालिकालाई बालमैत्री घोषणा गर्दैछौं, यो संगै बालअधिकार र बालमैत्री स्थानीय शासनलाई दिगो बनाउनुपर्छ भन्ने थप जिम्मेवारी हामीले महसुस गरेको बताए। खनालले नगरपालिकाले बालिबालिकाको अवस्था र सूचकहरु थप राम्रो बनाउन, गुणस्तरीय बालमैत्री वातावरण निर्माणका लागि बालबालिकाको क्षेत्रमा निरन्तर लगानी गर्ने बताए। बालबालिकाको समग्र




वृद्धि, विकासलाई प्राथमिकतामा राखी बालमैत्री नगरको पहिचान स्थापित गर्न सके यसको निरन्तरता सदैव हुनेमा खनाल आशावादी छन्। बालमैत्री नगर निर्माणका लागि केही मापदण्डहरु पूरा गर्नुपर्ने हुन्छ। सोही अनुरुप भीरकोट नगरपालिकाले २०७५ साल देखि नै बालबालिकाको क्षेत्रमा पुजिगत बजेटको केही प्रतिशत बजेट विनियोजन गर्दै आएको छ। जसले गर्दा सत प्रतिशत बालबलिका विद्यालय भर्ना हुन सहयोग मिलेको छ, सबै विद्यालयमा छात्र छात्रामैत्री शौचालय रहेको छ, सबै बालबालिकालाई पूर्ण खोप लगाइएको छ, सबै घरमा शौचालय बनेको छ, बालबालिकाहरुको जन्मदर्ता पनि भएको छ। साथै नगरपालिकाले होटल, यातायात, घर लगायतका क्षेत्रमा रहेका बालश्रम न्युनीकरणको काम तिब्र रुपमा गरिरहेको छ र वालविवाह रोकथाम, न्युनीकरणका लागि समेत सक्रियताका साथ काम गरिरहेको छ। बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति अनुसार स्थानीय तहलाई बालमैत्री गराउनका लागि ३९ ओटा सूचक पूरा गर्नुपर्ने भएकाले भीरकोट नगरपालिकाले सबै सूचकमा काम गरिहेको छ। जसमध्ये २० सूचकमा सत प्रतिशत र बाँकी सूचकहरुमा ९० प्रतिशत भन्दा बढि नतिजा प्राप्त गरेको छ।

बालमैत्री राष्ट्रिय तालिम सहजकर्ता विष्णु चौवेका अनुसार भीरकोट नगरपालिकाका सम्पूर्ण बालबालिका, युवा र समग्र नगरबासी बधाईको पात्र हुनुहन्छ, जसले बालमैत्री स्थानीय शासनको महाअभियानलाई सफल बनाउन योगदान गर्नेछ। बालबालिकाको उज्वल र थप शान्तीपूर्ण भविष्यको लागि बालबालिकामा गरिएको लगानीको प्रतिफल स्वरुप बालमैत्री नगरपालिका घोषणा हने भएकोले राष्ट्रको प्रगतिको लागि आज यो अभियान एउटा कोशेढुङ्गा बनेको चौवेको भनाई छ।

भीरकोट नगरपालिकाले बालमैत्री नगरको यात्रा विगत २ बर्षदेखि मात्रै शुरु गरेको थियो, यसै समयमा कोभीड महामारीको कारण अभियान प्रभाववित हुन पुग्यो। बालमैत्रीअभ्यासलेबालमैत्रीस्थानीय शासनको प्रारुप तयार गर्न सहयोग गरेको भीरकोट नगरपालिकाका नगर प्रवक्ता दिपेन्द्र के.सी.ले बताए। बालमैत्री सम्वन्धि अबधारणा नेपाल सरकारले २०६८ सालदेखि अवलम्बन गरेको छ। बालमैत्री नेपाल निर्माणको उद्धेश्य प्राप्तीका लागि भीरकोट नगरपालिकाले स्थानीय स्तरबाट काम गरेको वडा नं ५ का अध्यक्ष याम प्रसाद अधिकारीले बताए।

भीरकोट नगरपालिकाका बाल संजाल अध्यक्ष सुदिप पौडेलका अनुसार नगरपालिकाका सम्पूर्ण बालबालिकाको सपना पूरा भएको छ। बालमैत्री घोषणा गर्ने क्रम संगै बालमैत्री नगरको रुपमा हामीले सबै बालबालिकाको अधिकार सुनिश्चित गरेको पौडेलको भनाई छ। बालबालिकाले सुरक्षित वातवारणको महसुस गर्न पाएको र बालमैत्री वातावरणमा अध्ययन गर्ने अवसर पाएको पौडेलले बताए। बालबालिकाको आवाज सुनिदै गएको तथा योजना तर्जुमा प्रक्रियामा पनि निरन्तर सहभागी हुने अवसर पाएकोमा पौडेल खुसी छन्। पौडेल जस्तै बालक्लबमा बसेर नगरपालिका संग नजिकमा रहेर काम गर्ने अवसर पाएका कारण, विभिन्न तालिमहरुमा सहभागी भएका कारण अधिकांश बालबालिकाहरुको राम्रो क्षमता विकास भएको देखिन्छ। हजारौं मानिसहरुको अगाडि बालबालिकाहरु मञ्चमा उभिएर बोल्न सक्षम भएका छन्। यस्तै क्षमता विकासको अवसर देशका प्रत्येक बालबालिकाले पनि पाउनुपर्ने नगर बाल संजालका सहजकर्ता खुमकान्त खनाल बताउछन्।

# 'बिटी कप' : कमलपोखरी, एम टुवेल, चाउथे र आयोजक अन्तिम चारमा प्रवेश

सुदिप शर्मा पौडेल
पोखरा, २१ फागुन

पोखरा महानगरपालिका १ बगर स्थित पुरानो टुडिखेलमा जारी ' चौथो विरेन स्मृति १४ औं बि.टी कप सेभेन ए साईड नकआउट अन्तर क्लब फुटबल प्रतियोगितामा आयोजक सेतो, कमलपोखरी एफसी, चाउथे क्लब र एम टुवेल सेमिफाईनलमा प्रवेश गरेको छ।

अन्तिम चारका सबै खेल र फाईनल खेल शनिबार पोखरा महानरपालिका १ स्थित पुरानो टुडिखेलमा सम्पन्न हुने खेल संयोजक निकेश गुरुङले बताए। उनका अनुसार शनिबार विहान ८ बजे आयोजक सेतो र कमलपोखरी एफसी बिच हुनेछ। भने दोस्रो सेमिफाईनल खेल चाउथे र एम टुवेल बिच हुनेछ। र फाईनल खेल दिउसो १ बजे सञ्चालन हुनेछ।



शुक्रबार भएको पहिलो क्वाटरफाईनल खेलमा सत्य युवा क्लब बाझापाटनमाथी एम टुवेलले ४-१ गोल अन्तरले सहज जीत निकाल्यो। एम टुवेलको जीतमा मनिस क्षेत्रीले २ गोल गरे भने अविनाश तामाङ र सरोज तामाङले समान १ गोलको योगदान दिए। बाझापाटनको तर्फबाट अजय श्रेष्ठले सान्त्वना १ गोल फर्काएका थिए। सो खेलबाट एम टुवेलका मनिस क्षेत्री म्यान अफ द म्याचबाट पुरस्कृत बने। दोस्रो खेलमा बाझापाटन टिम बिलाई कमलपोखरीले २-१ गोल अन्तरले पराजित गर्दै फाईनलको यात्रा तय गर्यो। कमलपोखरीको जीतमा अनिल आले र सचेत गुरुङले समान १ गोलको योगदान दिए भने। बाझापाटन टिम बिको तर्फबाट विक्रम मल्लले सान्त्वना १ गोल फर्काए। उक्त खेलबाट अनिल आले म्यान अफ द म्याचको पुरस्कार प्राप्त गरे। तेस्रो खेलमा आयोजक सेतोले र मालेपाटनमाथी १-० गोल अन्तरले सँघर्षपूर्ण जीत निकाल्दै कमलपोखरी सँग सेमिफाईनलमा भेट पक्का गर्यो। आयोजकको जीतमा पाहुना खेलाडी क्षितिज जिटीले निर्णायक गोल गरे र म्यान अफ द म्याच घोषित भए। अन्तिम क्वाटरफाईनल खेलमा नयांगल्ली एफसीलाई चाउथे एफसीले २-० गोल अन्तरले पराजित गर्दै सेमिफाईनलका लागि एम टुवेलको निम्तो पायो। चाउथेको जीतमा रोशन नेपाली र मिन गुरुङले समान १ गोलको योगदान दिए। भने उक्त खेलबाट चाउथेका डिफेण्डर विशान गुरुङ म्यान अफ द म्याच बने। कुल ४२ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ३२ हजार २ सय २२ प्राप्त गर्नेछ। भने उपविजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित ८२ हजार २ सय २२ प्रदान गरिने प्रचारप्रसार संयोजक अमृत लामा गुरुङले जानकारी दिए।






## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७, E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कान पाक्ने समस्या र उपचार

डा. पविना रायमाझी राणा



कान शरीरको अति नै महत्वपूर्ण र संवेदनशील अंग हो । त्यसैले कानको विशेष ख्याल राख्नु आवश्यक हुन्छ । विश्व स्वास्थ्य संगठनको तथ्यांक अनुसार बहिरोपनको प्रमुख कारण कानको संक्रमण हो र यो समस्याको व्यापकता विश्व तथ्यांकको तुलनामा नेपालमा धेरै नै बढी देखिन्छ। कानको संक्रमणलाई साधारण भाषामा कान पाक्ने रोग (कान भित्रबाट पिप बगेर आउने) भनिन्छ । विश्वका अरु देशहरुमा जस्तै नेपालमा पनि बहिरोपनको प्रमुख कारण कानको संक्रमण (कान पाक्ने) हो, जुन हरेक उमेरका मानिसमा देखिएको छ। कान पाक्ने रोग मुख्य गरी कानको बाहिरी वा मध्यकानको संक्रमणले हुने गर्छ। बाहिरी कानको संक्रमणलाई ओटाइटिस एक्सटर्ना र मध्यकानको संक्रमणलाई ओटाइटिस मेडिया भनिन्छ।

**बाहिरी कानको संक्रमण**

यो समस्या बाहिरी कानको नलीमा संक्रमण भएर हुने गर्छ जसमा नलीको कुनै सीमित भागमा या पूरै नलीको भागमा संक्रमण हुनसक्छ। यसका अलावा कानमा ढुसीको संक्रमणको कारणले पनि बाहिरी कानको संक्रमण हुनसक्छ। जथाभावी कान कोट्याउने, कानमा तेल वा अन्य तरल पदार्थ हाल्ने, फोहोर पानीमा नुहाउने वा पौडी खेल्ने र बढी आर्द्रता भएको स्थानमा बसोबास गर्ने व्यक्तिहरुमा यो समस्या बढी देखिन्छ।

**लक्षणहरु र चिह्नहरु:**

यस रोगका लक्षणहरुमा कान दुख्नु, कानबाट पिप बग्नु, थोरै मात्रामा सुनाइ कम हुनु, कानको प्वाल वरिवरी सुन्निनु वा रातो हुनु, कान चिलाउनु वा डम्म हुनु आदि हुन्। त्यसैगरी चिकित्सकबाट जाँच गर्दा बाहिरी कानको नली रातो देखिने, कानमा ढुसी पलाएको देखिने र कानको अगाडिको कुरकुरे हड्डी थिच्दा या कान चलाउँदा दुख्ने गर्छ।

**रोकथाम र उपचार:**

बाहिरी कानको समस्याको रोकथामको लागि कान जथाभावी नकोट्याउने, कानमा तेल वा अन्य तरल पदार्थ नहाल्ने, फोहोर पानीमा ननुहाउने वा पौडी नखेल्ने गर्नुपर्छ। त्यसैगरी बाहिरी कानको समस्या देख्ने बित्तिकै प्रायः नाक, कान तथा घाँटी विशेषज्ञ चिकित्सकको सल्लाहमा औषधि सेवन तथा कानमा थोपा औषधि हालेर निको पार्न सकिन्छ।

बाहिरी कानको समस्या प्रायःजसो माथि वर्णन गरेजस्तै हुन्छ । तर कहिलेकाहीँ यो समस्याले गम्भीर रुप लिँदै मुखको नशा, टाउको आदिमा फैलिएर ज्यानलाई खतरा हुने रुप पनि लिन सक्छ र यो समस्या ज्यादै थोरै मात्रामा देखिन्छ। विशेषगरी चिनी रोग, अरु दीर्घरोगी, रोग प्रतिरोधात्मक शक्ति कम भएका व्यक्तिहरुमा देखिन सक्छ। यस्तो बेला कान ज्यादै दुख्ने, पिप बग्ने, कानमा मासु पलाउने, मुख बांगिने, बान्ता हुने वा टाउको ज्यादै दुख्छ । यस्तो अवस्थामा तुरुन्त विशेषज्ञ चिकित्सकको सम्पर्कमा अस्पताल भर्ना भई औषधि या शल्यक्रियाबाट यसको उपचार गर्नुपर्छ।

**मध्यकानको संक्रमण**

मध्यकानको संक्रमणलाई छोटो र लामो समयको गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । यदि कुनै व्यक्तिको कानबाट १५ दिन वा सोभन्दा कम समय पिप आउँछ भने यसलाई छोटो समयको लागि हुने मध्य कानको संक्रमण (एक्युट ओटाइटिस मेडियारएक्युट सुपरयाक्टिभ ओटाइटिस मेडिया) भनिन्छ। यो साधारणतयाः रुघा खोकी लागेपछि प्रायः जसो बच्चामा हुने गर्छ।

**लक्षण र चिह्नहरु:**

यस संक्रमणको मुख्य लक्षण कान दुख्ने, ज्वरो आउने (विशेषगरी बच्चामा), सुनाइ कम हुने र पिप बग्ने (जालीमा प्वाल परेर) हुन् । त्यसैगरी चिकित्सकले जाँच गर्दा कानको जाली रातो भई सुन्निएको र कानको जालीमा प्वाल परेको देखिन्छ। समयमा नै उपचार नभएमा कहिलेकाहीँ संक्रमण फैलिएर मुख बांगिने, बान्ता हुने, टाउको दुख्ने या कानको पछाडि भागमा पिप जमेर सुन्निन पनि सक्छ। यस प्रकारको समस्या भएमा चिकित्सकको सल्लाह अनुसार औषधि लिएमा वा औषधिले निको नभए शल्यक्रिया गर्नुपर्ने हुन्छ।

त्यसैगरी तीन महिना वा सोभन्दा बढी समयदेखि कान पाक्ने समस्या हुन्छ र यसलाई मध्य कानको लामो समयको संक्रमण भनिन्छ। लामो समयको संक्रमण पनि दुई प्रकारको हुन्छ । पहिलो, साधारण मध्य कानको संक्रमण, जसमा नगन्हाउने पिप धेरै बग्ने र बेलाबेलामा निको हुँदै फेरि दोहोरिने गर्छ । यस प्रकारको संक्रमणमा मध्य कानको जालीमा प्वाल पर्ने र सुनाइ कम हुने गर्छ। यो समस्याको उपचारको लागि सर्वप्रथम पिप सुकाउन औषधिको प्रयोग गरी पिप आउन रोकेपछि जाली पुर्नको लागि शल्यक्रिया गरिन्छ । यस शल्यक्रियालाई माइरिङ्गोप्लास्टी भनिन्छ । यो शल्यक्रियाको उद्देश्य कानबाट पिप आउन बन्द गर्नु र सुन्न सक्ने शक्तिलाई राम्रो पार्नु हो।

दोस्रो, जटिल प्रकारको मध्य कानको संक्रमण, जसमा गन्हाउने, थोरै पिप बग्ने र कहिलेकाहीँ रगत मिसिएको पिप समेत बग्ने गर्छ। यसमा मध्य कान तथा मध्य कानको हड्डीमा जटिल समस्या देखिन्छ। यो संक्रमण मध्य कानमा मात्र सीमित रहेमा पिप बग्ने र सुनाइ कम हुने गर्छ भने समस्या जटिल हुँदै गएमा संक्रमण कानको वरिपरि फैलिएर जानसक्छ।

जसमा रिंगटा लाग्ने, मुख बाङ्गो हुने, कानको पछाडि सुन्निने, भित्री कानमा संक्रमण फैलने र दिमागमा पिप जम्ने जस्ता जटिल समस्या हुनसक्छ। मध्य कानको जटिल समस्याको उपचार शीघ्र शल्यक्रियाबाट मात्र सम्भव छ, जसलाई मोडिफाइड र्‍योडिकल माइस्टोडेक्टोमी (एमआरएम) भनिन्छ। यो शल्यक्रियाको मुख्य उद्देश्य कानको संक्रमण अन्यत्र फैलनबाट रोक्नु हो।

**रोकथाम र उपचार:**

मध्य कानको कान पाक्ने रोगको रोकथामका लागि कान जथाभावी नकोट्याउने, कानमा तेल वा अन्य तरल पदार्थ नहाल्ने, विशेषगरी बच्चामा बेलाबेलामा रुघाखोकी लागेमा सतर्कता अपनाउने, आमाले बच्चालाई सुताएर स्तनपान नगराउने, सरसफाइ र पौष्टिक आहारमा ध्यान दिने, कानबाट पिप बगिरहने व्यक्तिले नुहाउँदा कपासमा भ्यासलिन मल्हम वा खाने तेल हाली निचोरेको कपासले कान बन्द गरी स्नान गर्ने, नाक, कान तथा घाँटी विशेषज्ञको परामर्शमा मात्र कानमा औषधि प्रयोग गर्ने र समस्या हुनासाथ विशेषज्ञ चिकित्सकको परामर्श लिने गर्नुपर्छ । मानव शरीरको इन्द्रीयहरुमध्येको एक महत्वपूर्ण इन्द्रीय कानको उचित स्याहार गरी संक्रमण हुनबाट बचाउनु र संक्रमण हुन गएमा नाक, कान तथा घाँटी विशेषज्ञ चिकित्सकको सल्लाह लिई समयमा उपचार गर्नुपर्छ।

साभारः स्वास्थ्य खबर

(डा राणा नाक, कान तथा घाँटी विशेषज्ञ हुन्।)

# एन प्याब्सनको अन्तरविद्यालय हाजिरी जवाफ प्रतियोगिता शुरु

**विनय पौडेल**
**पोखरा, २१ फागुन**



नेशनल प्याब्सन कास्कीको आयोजना अन्तरविद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता शुक्रवार शुरु भएको छ।

नेशनल प्याब्सनमा आवद्ध ३१ विद्यालय सहभागिता रहेको उक्त प्रतियोगिता शनिवारसम्म चल्ने अतिरिक्त क्रियाकलाप प्रमुख राजु केसीले जानकारी दिए । प्रतियोगितामा प्रथम, द्धितीय, तृतीय र सान्त्वना हुनेले ट्रफी र प्रमाण पत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा बोल्दै राष्ट्रिय परीक्षा वोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालय गण्डकी प्रदेशका प्रमुख विष्णु नारायण श्रेष्ठले विद्यार्थीको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्न प्रतियोगिता कोषेढुंगा सावित हुने बताए । 'विद्यार्थीलाई घोकन्ते शिक्षा नभई उसको क्षमताको आधार पढाई हुन जरुरी छ' उनले भने, 'विद्यार्थीसँग केही न केही क्षमता छ त्यसलाई निकालिदिने काम शिक्षकले गर्नुपर्दछ ।' जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ समितिका निमित्त प्रमुख निलकण्ठ ढकालले यस्ता खालका प्रतियोगिताले विद्यार्थीलाई अवसर सृजना गर्ने बताए । पोखरा महानगर पालिका शिक्षा महाशाखाका सहायक प्रमुख वसन्तराज पौडेलले प्रतियोगिताले पठनपाठनमा सहयोग पुऱ्याउने बताए। नेशनल प्याब्सानका केन्द्रीय उपाध्यक्ष याम खड्काले प्रतियोगितामा वौद्धिक क्षमता देखाउने अवसर मिल्ने बताए । नेशनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक राजु कायस्थले स्वागत र सहसचिव प्रेमराज अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए।

# संसदीय व्यवस्थालाई विकृतिबाट बचाउनु आवश्यक : वरिष्ठ नेता पौडेल

**विनय पौडेल**
**पोखरा, २१ फागुन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले राजनीतिक पार्टी र संगठनभित्र बैचारिक द्वन्द्व हुँदै जाने भएकाले द्वन्द्वको व्यवस्थापनका लागि इमान्दार प्रयास आवश्यक रहेको बताउनुभएको छ।

मानवअधिकार तथा शान्ति समाजको २३औँ राष्ट्रिय परिषद् बैठकको शुक्रबार पोखरामा उद्घाटन गर्दै उहाँले प्रतिनिधिसभाको पुनःस्थापनाबाट व्यवस्था, प्रणाली र बहुलबादमा आधारित लोकतान्त्रिक बहुदलीय संसदीय प्रणाली विघटनबाट बचेको उल्लेख गर्नुभयो । नेता पौडेलले भन्नुभयो, "अहिलेको व्यवस्था विघटनबाट बचेको छ तर यो व्यवस्थालाई विकृति र विसङ्गतिबाट बचाउनु छ। यसलाई बचाउन नसके यस्ता अनिष्ट हाम्रो आकासमा मडारिहन्छन्।"

उहाँले हाम्रो राजनीतिक भूमिका कहाँ उपयुक्त हुन्छ, त्यहाँ कुनै पूर्वाग्रह आग्रह नराखी पूरा गर्नुपर्दछ भन्ने आफ्नो पार्टीभित्र मत रहेको बताउनुभयो । "प्रतिपक्षमा सानो भएपनि भूमिका ठूलो छ। प्रजातन्त्रका लागि निरन्तर लड्दै आएकाले लोकतान्त्रिक प्रणालीको प्रक्रियालाई आफ्नो स्वार्थका लागि विथोल्ने कार्य नगरौँ, स्वभाविक ढङ्गले अघि बढाउन सहयोग गरौँ ।" गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीलेलोकतन्त्रकोरक्षारनागरिक खबरदारीका लागि समाजका विभिन्न सङ्घ संस्थाको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो। कार्यक्रममा समाजका संस्थापक अध्यक्ष कृष्ण पहाडी, पूर्वमन्त्री यज्ञबहादुर थापालगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। दुइदिनसम्म सञ्चालन हुने समाजको राष्ट्रिय परिषद् बैठकले नयाँ नेतृत्व चयन गर्ने कार्यक्रम रहेको छ।

# लोमान्थाङमा सुक्खा बन्दरगाहको सम्भाव्यता अध्ययन

**पोखरापत्र संवाददाता**
**मुस्ताङ, २१ फागुन**

चीनको स्वसासित क्षेत्र तिब्बतको सिमानामा रहेको मुस्ताङको लोमान्थाङ गाउँपालिकामा सुक्खा बन्दरगाहा निर्माणको सम्भाव्यता अध्ययन सुरु भएको छ।

नेपाल-चीनबीचको २४ नम्बर सीमास्तम्भ रहेको कोरोला नाकामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको नेपाल इन्टर मोडल ट्रान्सपोर्ट डेभलपमेन्ट बोर्डले बन्दरगाह बनाउन भौगोलिक अवस्था पहिचान, बन्दरगाह निर्माणको विस्तृत खाका र लागत अनुमान (डिपिआर) गर्ने काम थालेको हो। नेपाल-चीनबीच दुई वर्षअघि हस्ताक्षर भएको पारवहन तथा यातायात सम्झौताको प्रोटोकलअनुसार चीनका चार सामुद्रिक तथा तीन सुक्खा बन्दरगाहसम्म आवतजावत गर्नेमध्येको कोरोला नाकामा सुक्खा बन्दरगाह बन्न लागेको हो। बन्दरगाह बनाउन सम्भाव्यता अध्ययनका लागि आएका परामर्शदाता सितारा कन्सल्टेन्सीका निर्देशक टीका कोइरालाले भौगोलिक अवस्था, पूर्वाधार एवं व्यापार तथा ढुवानी संरचनाको खाका र लागत अनुमान गरी प्रतिवेदन बुझाउने बताउनुभयो। भन्सारका नाममा कोरोला नाकाको दशगजा छाडेर प्राप्त एक हजार रोपनी जग्गा र १२ किमी तल नेचुङ गरी दुई ठाउँमा सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार पार्ने उहाँले बताउनुभयो । कोरोला नाकामा चिनियाँ पक्षले दशगजा छाडेर आधुनिक सूचना प्रविधि जडित भन्सार कार्यालयका अतिरिक्त क्वारेन्टाइन, एनिमल क्वारेन्टाइन, कर्मचारी आवास गृह, प्रयोगशाला, गोदाम घर, ट्रक तथा कन्टेनर पार्किङ, सुरक्षा प्रबन्धलगायत पूर्वाधार बनाइसकेको छ। अन्तर्राष्ट्रिय नाकाका रूपमा यसलाई विकास गर्ने गरी बन्दरगाह निर्माणको सम्भाव्यता अध्ययन गर्न लागिएको मुस्ताङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनले बताउनुभयो । "मुस्ताङवासीको माग र गण्डकी प्रदेश सरकारको दबाबले बन्दरगाहको सम्भाव्यता अध्ययन शुरु भएको छ। केही वर्षमै निर्माण भइसक्ने हाम्रो आशा छ", उहाँले भन्नुभयो, "अब हाम्रो ध्यान बेनी-जोमसोम-कोरोला सडकको स्तरोन्नतिमा भइरहेको ढिलासुस्ती हटाउनेतर्फ छ।" एक सय ८६ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरोला सडक आयोजनामार्फत दुई लेनको सडक विस्तार, पुल निर्माण र कालोपत्रे गर्ने काम भइरहेको छ।

# व्यासमा सात हजार भूमिहीनको तथ्याङ्क सङ्कलन

**रासस**
**तनहुँ, २१ फागुन**

तनहुँको व्यास नगरपालिकामा करिब सात हजार भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन गरिएको छ। एक महिनामा व्यास नगरपालिकाका छ हजार ८७२ को तथ्याङ्क सङ्कलन गरिएको हो।

नगरपालिकाका १४ वटै वडाका ७३० भूमिहीन दलित, ४९७ भूमिहीन सुकुम्वासी र छ हजार १४२ अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन भएको लागत सङ्कलक एकाइका प्रमुख विमल गिरीले जानकारी दिनुभयो । नगरपालिकाले तथ्याङ्क सङ्कलनका लागि १४ वडामा २४ तथ्याङ्क सङ्कलन खटाएको थियो।

व्यास नगरपालिका-१ मा ९२ भूमिहीन दलित, ४९ भूमिहीन सुकुम्वासी, ४१० अव्यवस्थित बसोबासी, ५१० वडा नं २ मा सात भूमिहीन दलित, पाँच भूमिहीन सुकुम्वासी, १४० अव्यवस्थित बसोबासी, १४७ वडा नं ३ मा नौ भूमिहीन दलित, आठ भूमिहीन सुकुम्वासी, ३२२ अव्यवस्थित बसोबासी, वडा नं ४ मा ३३ भूमिहीन दलित, २३ भूमिहीन सुकुम्वासी र १६४ अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन भएको छ।

वडा नं ५ मा ५६ भूमिहीन दलित, ३९ भूमिहीन सुकुम्वासी, ६५० अव्यवस्थित बसोबासी, वडा नं ६ मा १५० भूमिहीन दलित, ९५ भूमिहीन सुकुम्वासी र ५२२ अव्यवस्थित बसोबासी, वडा नं ७ मा ३३ भूमिहीन दलित, १८ भूमिहीन सुकुम्वासी र ३२८ अव्यवस्थित बसोबासी, वडा नं ८ मा पाँच भूमिहीन दलित, तीन भूमिहीन सुकुम्वासी र २०६ अव्यवस्थित बसोबासी, वडा नं ९ मा १३ भूमिहीन दलित, आठ भूमिहीन सुकुम्वासी र १३१ अव्यवस्थित बसोबासी, वडा नं १० मा ८० भूमिहीन दलित, ४८ भूमिहीन सुकुम्वासी र ९२४ अव्यवस्थित बसोबासी, वडा नं ११ मा ७७ भूमिहीन दलित, ६० भूमिहीन सुकुम्वासी र ८९१ अव्यवस्थित बसोबासी, वडा नं १२ मा १२९ भूमिहीन दलित, १०५ भूमिहीन सुकुम्वासी र ७२५ अव्यवस्थित बसोबासी, वडा नं १३ मा ३६ भूमिहीन दलित, २८ भूमिहीन सुकुम्वासी र ४३१ अव्यवस्थित बसोबासी, वडा नं १३ मा १० भूमिहीन दलित, आठ भूमिहीन सुकुम्वासी र दुई सय ९८ अव्यवस्थित बसोबासीको विवरण सङ्कलन गरिएको छ।

नगरपालिकाले सङ्कलन गरेको विवरण भूमिसम्बन्धी समस्या समाधान आयोगमा पठाइने र जाँचबुझ पछि वास्तविक भूमिहीन भएको प्रमाणित भएमा लालपुर्जा वितरण गरिनेछ।

भूमिसम्बन्धी समस्या समाधान आयोगले जिल्लाका नौ स्थानीय तहमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलनका लागि सम्झौता गरेको छ । सोहीबमोजिम सबै स्थानीय तहले लगत सङ्कलनको काम गरिरहेका छन्।

## यो देशमा जन्मेको



**वामनप्रसाद ढेवाजू**
**गौडाकोमुख-१३**

यो देशमा जन्मेको म
यो देशमा जन्मेको म
नेपाली हुँ म नेपाली
नेपालकै गीत गाउँछु।
नेपालको झण्डा उचाली
जय जय हे नेपाल
फलाउँ फुलाउँ नेपाल।
सबै नेपाली मिलेर
सबै नेपाली मिलेर
विश्वको अग्लो हिमाल।
यही देश नेपालमा
हिमाल पहाड तराई
मिलेर बनेको नेपाल
हजारौं नदी बग्दछन्।
ताल र झरना सुन्दर
यो देशमा जन्मेको
नेपाली हुँ म नेपाली।
जन्मिए बुद्ध यही देशमा
शान्तिका सन्देश फैलाउँदै
आज विश्वभर फैलिँदै छ।
बुद्धको शान्ति सन्देश
बुद्धको शान्ति सन्देश
छन् धेरै जात र जाती नेपालमा
छौं धेरै भाषा भाषी नेपालमै
मिलेर बस्दछौं हामी नेपालमा।
गाउँछु गीत नेपालको
नेपालको झण्डा उचाली
जय जय नेपाल
सुन्दर छ यो देश नेपाल
सुन्दर छ यो देश नेपाल।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : शारिरीक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : मन चञ्चल | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : सम्मान मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

कस्मेटिक एण्ड व्यूटिपार्लर बिक्रीमा
रामबजार गौरी मार्गमा अति चालु अवस्थामा रहेको शिखा कस्मेटिक एण्ड व्यूटिपार्लर विशेष कारणवस तुः बिक्रीमा छ।
सम्पर्कः ९८४७६६१७३५

बडा मजाको आयुर्वेदिक
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।
सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

बिक्रीमा
१२ हजार लिटर क्षमताको, बलियो र राम्रो अवस्थामा रहेको ट्याङ्कर टङ्की बिक्रीमा ।
सम्पर्कः ०६१-५२५०१३, ९८५६०२०५०९

# नेपालगंजमा पोखरा प्रबर्द्धन अभियान

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

पश्चिमान्चल होटल संघ पोखराको आयोजनामा आन्तरिक पर्यटन पुनःउत्थान तथा पर्यटन प्रवर्द्धन अभियान शुक्रबार बाँकेको नेपालगंजबाट सुरु भएको छ।

कोभिड- १९ का कारण थला परेको पर्यटनलाई पुनर्जिवन दिन यो अभियान सुरु गरिएको संघले जनाएको छ । पूर्वी नेपालका विभिन्न शहरमा झण्डै तीन महिना अघि यस्तो अभियान संचालन गरिएकोमा त्यसैको दोश्रो संस्करणको रुपमा पश्चिम नेपालमा पनि अभियानलाई निरन्तरता दिईएको संघका अध्यक्ष विकल तुलाचनले जानकारी दिए । नेपालगंजका अतिरिक्त बर्दिया, कंचनपुर र धनगढीमा पनि अभियानका कार्यक्रम हुने छन् । छलफल, अन्तरक्रिया र पत्रकार सम्मेलन अभियान अन्तरगत संचालन हुने संघले जनाएको छ।



नेपालगंजमा आयोजित कार्यक्रममा बोल्दै क्षेत्रीय होटल संघ नेपालगंजका अध्यक्ष आतिष सम्शेर राणाले कोभिड १९ का कारण होटल क्षेत्र ठूलो मारमा परेको स्मरण गराए । समस्याका वापजूद ब्यबसाय अगाडि बढाउनुको विकल्प नभएको उनले बताए। यस्तो अवस्थामा पर्यटकलाई मुक्तिनाथ पुऱ्याउने प्याकेज पोखरा र नेपालगंजका ब्यबसायीले संयुक्त रुपमा संचालन गर्न सकिने प्रस्ताव पनि राणाले राखे । नाट्टा बाँकेका अध्यक्ष श्रीराम सिग्देलले नेपालगंज-पोखरा ७ फागुनदेखी आरम्भ भएको चारटर्ड उडानलाई निरन्तरता दिने तर्फ सम्बन्धित सबैले ध्यान दिनु पर्ने भनाई राखे । पर्यटन प्रबर्द्धन मंच बाँकेका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले दुई शहर विच सुरु भएको हवाई सेवाले सकारात्मक सन्देश दिएको भन्दै यी शहरका व्यवसायी आपसी लाभका लागि हातेमालो गरेर अगाडि बढ्नु पर्ने बताए।

सो अवसरमा बोल्दै पश्चिमान्चल होटल संघ पोखराका अध्यक्ष तुलाचनले पोखराको पर्यटकीय सेवा सुविधामा भारी छुट प्रदान गरिएको बताउँदै अहिले पोखरा घुम्ने उपयुक्त अवसर भएको बताए। सिमा नाका खोल्ने र हवाई सेवा दिगो बनाउनेतर्फ सरकार निजी क्षेत्र मिलेर अगाडि बढ्नु पर्ने उनले भनाई राखे।

पश्चिमान्चल होटल संघ पोखराका निवर्तमान अध्यक्ष एबं होटल संघ नेपालका सदस्य भरतराज पराजुलीले १९ वर्ष अघि सुरु भएको जाउँ है पोखरा अभियानले आन्तरिक पर्यटन प्रबर्द्धनमा सकारात्मक प्रभाव परेको बताए । पर्यटनमा कनेक्टिभिटी महत्वपूर्ण हुने भन्दै पोखरा र नेपालगंज विचको हवाई सेवा दिगो बनाउनेतर्फ ध्यान दिनु पर्ने बताए।

कार्यक्रममा नेपालगंज विमानस्थलका प्रमुख प्रेमनाथ ठाकुर, पत्रकार झलक गैह्रे, ब्यवसायी चिरन्जिवी ओली लगायतले भनाई राखेका थिए । कार्यक्रमको संचालन पश्चिमान्चल होटल संघ पोखराका महासचिव गणेशराज पहारीले गरेका थिए।

कोभिड १९ का कारण बन्द गरिएको नेपाल-भारत सिमा नाका खुलेमा पोखरा नेपालगंज हवाई सेवा दिगो हुन मद्दत पुग्ने सो अवसरमा व्यवसायीले बताएका थिए। नेपालगंज स्थित बुद्ध एयरका विनित शाहले सिमा खुले अप्रिल १ तारिखबाट सो एयरलाइन्सले पनि पोखरा नेपालगंज दैनिक उडान सुरु गर्ने जानकारी दिए।

अहिले सीता एयरले हप्तामा दुई दिन यो रुटमा चारटर्ड उडान गर्दै आएको छ। नाट्टा बाँकेको पहलमा यो सेवा संभव भएको जनाइएको छ । जाउँ है पोखरा अभियानको १४ सदश्यीय टोली सोही विमान सेवाको जहाज मार्फत् ४५ मिनटमा शुक्रबार नेपालगंज पुगेको हो।



मृगौला विरामी मिनवहादुरलाइ सहयोगी हात चौतारीः पोखरा महानगरपालिका वडा नं १३ बस्ने मिनवहादुर सार्कीको दुवै मृगौलाले काम गर्न छाडेपछि मिनवहादुर बचाउ अभियानमा लायन्स क्लब अफ पोखरा आर्दश चौतारीका सदस्यहरुद्धारा १९ हजार छ सय २६ रुपैयाँ सहयोग गर्दै । आर्थिक अभावबाट कुनै दाजुभाइ दिदीवहिनीहरु उपचारवाट बन्चित हुन नपरोस भनेर धेरै थोरै सहयोग गर्दै आइरहेको क्लवका पूर्व सचिव शिव नेपालीले पोखरापत्रलाइ बताए। फोटो-पोखरापत्र

# मौनता भङ्ग गर्ने कविता सङ्ग्रह 'चुल्ठो'

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

जिन्दगीको परीक्षार्थीलाई
मूल ग्रन्थ बेच्दैन
सन्दर्भ पुस्तक पनि बेच्दैन
केवल गेसपेपर बेच्छ
आजको बजार।

विद्रोह चेत बोकेर कविता लेख्ने कवि कल्पना चिलुवालले हालै सार्वजनिक गरेको 'चुल्ठो' कविता सङ्ग्रहभित्रको बजारको 'रमिताशास्त्र' शीर्षकको कविताको अंश हो यो । साहित्यमा विम्ब र प्रतीकको अत्यधिक प्रयोग गरेर क्लिष्ट शैलीमा नभई सरल र सहज शब्दबाट बेजोड प्रहार गर्न सक्ने विद्रोही चेतकी कवि चिलुवालको चुल्ठो पहिलो कविता सङ्ग्रह हो।

सङ्ग्रहमा हरेक दिन हरेक परिवेश घर, परिवार, समाज र राज्य सत्ताका शासकहरूको असहिष्णु व्यवहारका भोगाइहरूको कटाक्ष कवितामार्फत उजागर गरिएको छ। कवि सरस्वती प्रतीक्षा चुल्ठो कविता सङ्ग्रहका हरेक शब्दमा दमित आवाजको रागिलो प्रहार भएको बताउनुहुन्छ । "चिलुवाल बाहिर शान्त स्वभावकी तर विद्रोही चेतकी एक हस्ताक्षर हुन्, उनका हरेक कवितामा रिस छ तर पनि त्यो रिस बेजोड सुन्दर रूपमा कवितामा उत्रिएको छ", कवि प्रतीक्षाले भन्नुभयो, "चिलुवालको जवानीमा पनि मायाको उन्माद नभई रिसको बेगले नै कविता कोरिएको छ, नारीवाद मात्र होइन अन्य धेरै वादको कोलाज कवितामा छ।"

चुल्ठोमाथि साहित्यकार सुमिनाको धारणा पनि उस्तै छ । उहाँका अनुसार समाज रूपान्तरणमा विद्रोहको उद्घोष गरेर निदाएको समाजलाई उठाउन सङ्ग्रहभित्रका हरेक कविता अस्त्र बनेका छन् । परिवर्तनको उद्घोष गरेका हरेक कवितामा लेखकीय दम भएको उहाँको भनाइ छ। साहित्यकार डा कृष्णराज अधिकारी विम्ब र प्रतीक कम प्रयोग गरिए पनि कविताले समाजको यथार्थलाई पस्कन सफल भएको टिप्पणी गर्नुभयो । "समाजका कथित मूल्यमान्यताले दबाइएका आवाज चुल्ठोमा रहेको छ।" डा अधिकारीले आधुनिकता र परम्पराबीचको यथार्थ, श्रमिकका दमित आवाजहरू, लाहुरेको कथा, उपभोक्तावादले मान्छेमा गरेको शोषण, वातावरणीय न्यायका सवालमा सबै पक्षबाट चुल्ठो सशक्त कविता कृति भएर उदाएको बताउनुभयो।

सङ्ग्रहका सर्जक चिलुवालले समाज रूपान्तरणका लागि सानैदेखि सशस्त्र विद्रोहमा लागे पनि कालान्तरमा समाजले अझै काँचुली फेर्न नसकेको अवस्थाले पिरोलिरहँदा तिनै मौनतामा रहेका आवाजलाई शब्दमा उतारेको बताउनुभयो । "मैले कविता लेखेर कवि हुन चुल्ठो ल्याएकी हैन, दुई दशकदेखि म साहित्य सिर्जनामा छु। राजनीतिक चेतसँगै सामाजिक यथार्थका मुद्दा सङ्ग्रहमा बढी केन्द्रित छन्, सँगसँगै म स्वयं नारी भएकाले मैले अनुभूत गरेका कुरा छुटाउन भएन जुन व्यक्तिगत नभई आम महिलासँग जोडिएका छन् ।" चिलुवालले कविता हरेक परिवेश र घटनाक्रमका साक्षी र आफ्नो समयको दस्तावेज हुनेगरेको बताउनुभयो । "यो एउटा दस्तावेज पनि हो जो वर्षौंपछि पढ्दा पनि समाजको यथार्थ बुझ्न सकिन्छ।" उहाँले कविताको बारेमा आम पाठकनै न्यायाधीश भएकाले यसको निर्णय गरेर फैसला सुनाउने जिम्मा पाठकलाई छोडिदिएको बताउनुभयो । बेला प्रकाशनले बजारमा ल्याएको चुल्ठोमा ५५ वटा कविता सङ्गृहित छन्।

# चार जलविद्युत् आयोजना निर्माणाधीन

**– लक्ष्मीप्रसाद सापकोटा**
**पर्वत, २१ फागुन(रासस)**

यहाँ चार जलविद्युत् आयोजना निर्माणाधीन छन् । ऊर्जा खोलाको रुपमा परिचित मोदीखोला र दक्षिण क्षेत्रको सेतीखोलामा थप चार जलविद्युत् आयोजना निर्माणाधीन छन् । ती आयोजनाको क्षमता ५० मेगावाट रहेको छ।

मोदीखोलामा तीन र सेतीखोलामा एउटा आयोजना निर्माणाधीन छन्।

पर्वतको मोदी गाउँपालिकामा रहेको मोदीखोलामा तल्लो मोदी, तल्लो मोदी दुई र मध्यमोदी जलविद्युत् आयोजना र पैयुँ गाउँपालिकास्थित सेतीखोलामा सेतीखोला जलविद्युत् आयोजनाले धमाधम काम गरिरहेका छन् । तल्लो मोदी २० मेगावाट, मध्यमोदी १५ दशमलव एक मेगावाट, तल्लो मोदी दुई आयोजना १० मेगावाट र सेतीखोलामा साढे तीन मेगावाटका आयोजना निर्माणाधीन अवस्थामा रहेका हुन् । मोदी इनर्जी कम्पनीले निर्माण गरिरहेको तल्लो मोदी जलविद्युत् आयोजना अन्तिम चरणमा रहेको छ । यो आयोजना चालु आर्थिक वर्षभित्र राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने योजना रहेको छ । यो आयोजना यसअघि नै सञ्चालनमा आइसक्नुपर्ने हो । सुरुङमा देखिएको प्राविधिक समस्या, तार टाँग्दा भएको झण्झट, कर्मचारीको आन्दोलन, देशमा भएका विभिन्न खाले विपत्तिका कारण तोकिएको समयमा चार्ज हुन नसकेको आयोजनाले जनाएको छ । अब आयोजनाको काम सकेर परीक्षणको अन्तिम तयारीमा रहेको जनसम्पर्क अधिकृत सुरेन्द्र बेल्वासेले जानकारी दिनुभयो।

शुरुमा रु तीन अर्ब ५० करोड खर्च हुने अनुमान गरिएकोमा सुरुङको समस्या तथा ढिलाइलगायत कारणले आयोजनाको लागत बढेको छ । यही नदी बेसिनमा चौधरी ग्रुपको लगानीमा मध्यमोदी आयोजना निर्माण भइरहेको छ । चौधरी ग्रुपले मध्यमोदी हाइड्रोपावर कम्पनीमार्फत यो आयोजना निर्माण गरिरहेको हो। यो आयोजना पनि निर्माणको अन्तिम चरणमा पुगेको छ। विसं २०७० असार ७ गते विद्युत् विकास विभागबाट उत्पादन अनुमति पाएको आयोजना सम्पन्न गर्न करीब रु दुई अर्ब ८० करोड लाग्ने अनुमान छ।

आयोजनाबाट विसं २०७५ मङ्सिरमा नै विद्युत् उत्पादन गर्ने तालिका भए पनि भूकम्प नाकाबन्दीलगायतका कारणले उत्पादन अवधि थप भएको थियो। कुनै अवरोध नभए यो आयोजना चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य रहेको जनसम्पर्क अधिकृत अशोक आचार्यले जानकारी दिनुभयो । युनाइटेड मोदी हाइड्रोपावर कम्पनीले तल्लो मोदी-२ निर्माण गरिरहेको छ।

पहिले १० मेगावाटको तल्लो मोदी-१ आयोजनाको निर्माण गरी सञ्चालनमा ल्याएको कम्पनीले यो आयोजना निर्माण गरिरहेको हो । यो तल्लो मोदी-१ को क्यासकेड आयोजना रहेको निर्देशक उपेन्द्र गौतमले जानकारी दिनुभयो। कम्पनीले यो आयोजना अघि बढाउन विसं २०७४ मा उत्पादन अनुमतिपत्र प्राप्त गरेको थियो।

निर्माणाधीन मोदी बेसिनका तीन आयोजनाको विद्युत् मोदी सबस्टेसनमा जोडिने बताइएको छ। यसैगरी सेतीखोलामा पैयुँखोला हाइड्रो पावर कम्पनीले निर्माण गरिरहेको सेतीखोला जलविद्युत् आयोजनाले विसं २०७४ मा उत्पादन अनुमतिपत्र लिएको थियो । उक्त आयोजनाको कामले यो वर्ष गति लिएको छ । चार दशमलव ७३ मेगावाटको भुरुङदी खोला साना जलविद्युत् आयोजना भने अध्ययनकै क्रममा छ । यो आयोजना अमरावती हाइड्रोपावर कम्पनीले अध्ययन गरिरहेको हो।

मोदी बेसिनमा यसअघि निर्माण सम्पन्न भएका २५ मेगावाटका तीन जलविद्युत् आयोजना सञ्चालनमा छन् । नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेको १४ दशमलव आठ मेगावाटको मोदीखोला, १० मेगावाटको तल्लो मोदी-१ र एक मेगावाटको पातीखोलाले विद्युत् उत्पादन गरिरहेका छन्। त्यस्तै सुपर मोदी र अपर मोदी पनि निर्माणको प्रक्रियामा रहेका छन्।


त्रिभुवन विश्वविद्यालय

**वन विज्ञान अध्ययन संस्थान**

**पोखरा क्याम्पस, पोखरा**

## शिलबन्दी दरभाउ पत्र आब्हानको सूचना

**1 Lan Networking गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

यस क्याम्पसका छात्रावास र कक्षा कोठाहरुमा ईन्टरनेट पहुँचका लागि Lan Networking र Fiber सम्बन्धी काम गर्नुपर्ने भएको हुँदा अनुमानित लागत भ्याट सहितको रु ११,२७,८२५।- मा नबढाई कामकाज गर्न ईच्छुक, कालो सूचीमा नपरेका र ईन्टरनेट Networking सम्बन्धी कामको अनुभवी ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७७।१२।०८ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**2. Equipment सप्लाई गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

यस क्याम्पसका छात्रावास र कक्षा कोठाहरुमा ईन्टरनेट पहुँचका लागि भएको Lan Lan Networking मा आवश्यक Equipment सप्लाई गरी जडान गर्नुपर्ने भएको हुँदा अनुमानित लागत भ्याट सहितको रु ८,९९,४८०।- मा नबढाई सप्लाई गरी जडान गर्न इच्छुक, कालो सूचीमा नपरेका र ईन्टरनेट Networking का समानहरु सप्लाई गर्न इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७७।१२।०८ गते भित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**3. CCTV जडान सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

यस क्याम्पस परिसर भित्र विभिन्न एघार स्थानहरुमा CCTV जडान गुर्नुपर्ने भएको हुँदा अनुमानित लागत भ्याट सहितको रु ३,५४,०००।- मा नबढाई CCTV सप्लाई गरी जडान गर्न इच्छुक, कालो सूचीमा नपरेका अनुभवी इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७७।१२।०८ गते भित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

निमित्त क्याम्पस प्रमुख


# कोभिड-१९ विरुद्धको खोपको दोस्रो मात्रा वैशाख ७ गतेदेखि

**रासस**
**काठमाडौं, २१ फागुन**

सरकारले पहिलो चरणमा कोभिड-१९ विरुद्धको खोप लगाएकालाई दोस्रो मात्रा आगामी वैशाख ७ देखि १५ गतेसम्म लगाउने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार यहाँ आयोजना गरेको 'कोभिड-१९ खोपको विज्ञान र नेपालमा खोप अभियान' विषयक छलफल कार्यक्रममा मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले पहिलो लगाएको खोपको मात्रा लगाएको आठ हप्तापछि दोस्रो मात्रा लगाउनुपर्ने भएकाले आगामी वैशाख ७ देखि १५ गतेसम्म दोस्रो मात्रा लगाउने तयारी गरिएको बताउनुभयो । माघ र फागुनमा पहिलो मात्रा लगाएको अन्तिम लगाएको आठ हप्ता पुगेपछि सबैलाई वैशाख ७ गतेदेखि नै खोप लगाउने थालिएको हो। पहिलो चरणको खोप अभियानअन्तर्गत माघ १४ देखि ३० गतेसम्म लगाएका स्वास्थ्यकर्मी, अग्रपङ्क्तिमा काम गरेका सुरक्षाकर्मी, पत्रकार र कूटनीतिक नियोगका कर्मचारीलगायतलाई 'कोभिशिल्ड' को दोस्रो मात्रा वैशाख ७ देखि १५ गतेसम्म लगाइने भएको छ।

पहिलो चरणको खोप अभियान माघ १४ देखि फागुन पहिलो हप्तासम्म करिब चार लाख २९ हजारलाई कोभिड-१९ विरुद्धको 'कोभिशिल्ड' खोप लगाइएको थियो। उक्त खोप अभियानमा कूल जनसङ्ख्या १.४ प्रतिशतलाई खोप प्रदान गरिएको थियो । सरकारले ७२ प्रतिशत जनसङ्ख्यालाई खोप लगाउने लक्ष्यका साथ खोप किन्ने प्रक्रियासमेत अगाडि बढाएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार थप ५० लाख मात्रा खोप खरिद गर्ने प्रक्रियासमेत अगाडि बढाइएको छ । यसअघि भारतको सेरम इस्चिस्युट कम्पनीले उत्पादन गरेको 'कोभिशिल्ड' खोप २० लाख किनेकोमध्ये १० लाख आइसकेको छ । सोही खोप यही फागुन २३ गतेदेखि ५५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई लगाइने भएको छ। मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले कोभ्याक्स संयन्त्रमार्फत एक करोड ३० लाख मात्र खोप पनि आउने जानकारी दिनुभयो । उहाँले यसअघि खोप अभियान सञ्चालन गरेर दादुरा-रुबेला, बिफर, जापानीज इन्सेफेलाइटिस रोगलाई निवारण गरेको उल्लेख गर्दै कोभिड-१९ लाई पनि खोपद्वारा नै नियन्त्रण गर्ने बताउनुभयो।उहाँलेखोपबारेबुझाउन नसक्दा शुरुमा खोप नलगाउन मानिस हिच्किचाएकोसमेत बताउनुभयो।

विश्व स्वास्थ्य सङ्गठन, नेपालका नेशनल प्रोफेसनल अफिसर डा राहुल प्रधानले कोभिशिल्ड खोप नेपालसँगै विश्वका ५८ देशले प्रयोग गरिरहेकाले प्रभावकारी र सुरक्षित रहेको बताउनुभयो। उहाँले विश्वमा २२ करोड ७६ लाख मानिसले लगाइसकेको समेत जानकारी दिनुभयो। उहाँले विभिन्न अध्ययनले कोभिशिल्ड पहिलो मात्रा लगाएको आठ हप्तामा लगाए ७१ प्रतिशत र १२ हप्तामा लगाए ८१ प्रतिशत प्रभावकारी देखिएको बताउनुभयो। गम्भीर रोग लागेकालाई सतप्रतिशत केही नभएको समेत उहाँले स्पष्ट पार्नुभयो । खोपमा एक डलर खर्च गरे ४२ डलर फिर्ता हुने उहाँको भनाइ रहेको छ।

उहाँका अनुसार दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)मा सबभन्दा बढी माल्दिभ्समा खोप लगाइएको छ। माल्दिभ्समा २२.८८ प्रतिशत, श्रीलङ्कामा २.५९ प्रतिशत, बङ्गलादेशमा २.०३ प्रतिशत, भारतमा १.१३ प्रतिशत र पाकिस्तानमा ०.०३ प्रतिशत जनताले खोप लगाएका छन्।